# रोङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पहरीगाउँ, इलाम,
१ नं. प्रदेश नेपाल

रोङ गाउँपालिका
२०७३

पत्र संख्या:-२०७६/०७७ मिति:- २०७६/१०/०९

**प्रथम पटक प्रकाशित मिति: २०७६/१०/०९**

यस गाउँपालिकाका तपशिलमा उल्लेखित खरिद तथा निर्माण कार्यहरु बोलपत्र मार्फत गराउनुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक योग्य नेपाली उत्पादक/आपूर्तिकर्ता/निर्माण व्यवसायीहरुका लागि निम्न शर्तहरुका अधीनमा रही रितपूर्वकको बोलपत्र आहवान गरिन्छ ।

१. बोलपत्र कागजात e-GP को माध्यमबाट मात्र खरिद गर्न सकिने भएकोले bid document हरु मिति *२०७६/११/११* गते कार्यालय समयभित्रमा website: www.bolpatra.gov.np/egp बाट download गर्न सकिनेछ । E-submission का लागि बोलपत्र कागजात खरिद दस्तुर वापत तपशिलमा उल्लेखित रकम राजश्व खातामा जम्मा गरेको र सम्वन्धित ठेक्का नं. र निर्माण कार्यको नाम खुलेको राजश्व दाखिला भौचर electronic bid files साथ पेश गर्नुपर्नेछ ।
   - (क) ठे. नं. ***RRM/NCB/Goods/2076/077-04*** का लागि रु *३,०००/-(तीन हजार) ।*
   - (ख) ठे. नं. ***RRM/NCB/Goods/2076/077-05*** का लागि रु *३,०००/-(तीन हजार) ।*
   - (ग) ठे. नं. ***RRM/NCB/WORKS/2076/077-02*** का लागि रु *५,०००/-(पाँच हजार) ।*

२. E-Bidding document खरिद दस्तुर जम्मा गर्न वैंकको विवरण निम्नानुसार रहेको छ । फ्याक्स, ट्रान्सफर, ई-मेल आदि मार्फत गरिने खरिद उपर कारवाही गरिनेछैन ।
   - वैंकको नाम:- ***मेगा वैंक नेपाल लिमिटेड रोङ शाखा हर्कटे, इलाम ।***
   - खातावालाको नाम:- ***रोङ गाउँपालिका, संचितकोष खाता ।***
   - वैंक खाता नं.:- ***१०७००१००११५७८***

३. बोलपत्रदाताको व्यवसाय दर्ता प्रमाण-पत्र, व्यवसाय इजाजत प्रमाण-पत्र, स्थायी लेखा नम्बर/मूल्य अभिवृद्धि कर दर्ता प्रमाण-पत्र र आ.व.२०७५/०७६ को करचुक्ताका प्रमाण-पत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

४. बोलपत्र मिति *२०७६/११/१२ गते १२:००* वजेभित्र e-submission गर्न सकिनेछ । यसरी submit गरिएका बोलपत्रहरु सोही दिन १३:०० वजे यस कार्यालयमा उपस्थित दरभाउपत्रदाताहरु वा निजका आधिकारिक प्रतिनिधिहरु र विभिन्न कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन ॥

५. बोलपत्र कागजात खरिद गरिने अन्तिम दिन वा बोलपत्र बुझाउने अन्तिम दिन विदा पर्न गएमा सोको लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खरिद गर्न र बुझाउन सकिनेछ ।

६. बोलपत्रसाथ ***मेगा वैंक नेपाल लिमिटेड रोङ शाखा हर्कटे, इलाम*** स्थित रोङ गाउँपालिकाको धरौटी खाता न. ***१०७००१००११५१२*** मा फर्मका नामबाट तपसीलमा उल्लेखित बोलपत्र जमानत वापतको रकम जम्मा गरेको भौचर वा बोलपत्र पेश गर्ने अन्तिम मितिदेखि कम्तीमा १२० (एकसय बीस) दिन म्याद भएको नेपाल सरकारवाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकवाट यस कार्यालयको नाममा जारी गरिएको जमानीपत्र (विडबण्ड) पेश गर्नुपर्नेछ । सो जमानी-पत्र/भौचरमा सम्वन्धित ठेक्का नं. र निर्माण कार्यको नाम उल्लेख भएको हुनुपर्नेछ । सम्झौता सम्पन्न भएपछि मात्र बोलपत्र जमानत वापतको रकम फिर्ता गरिनेछ ।

७. एउटा फर्मको नामवाट खरिद गरिएको बोलपत्र कागजात अर्को फर्मको नाममा दाखिला गर्न पाईनेछैन ।

८. स्थानीय तथा नेपाल सरकारलाई बुझाउनु पर्ने सबै प्रकारका करहरु बोलपत्रदाताले नै बुझाउनु पर्नेछ ।

९. अन्य विस्तृत विवरण Bid Document मा उल्लेख गरिएको छ । सो सम्बन्धमा आवश्यक पर्ने प्रमाणहरु पेश गर्ने जिम्मेवारी सम्बन्धित बोलपत्रदाताको हुनेछ ।

१०. सूचना तथा बोलपत्र कागजातका शर्त विपरित भएको, कुनै थपघट गरिएको, रित नपुगेको वा म्याद नाघी पेश हुन

डिक प्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत

आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

११. बोलपत्रको परीक्षण बोलपत्र कागजात अनुसार हुनेछ र परीक्षण गर्न अतिरिक्त खर्च लाग्ने भए सो बापतको सम्पूर्ण खर्च बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

१२. बोलपत्रदाताहरुले आफनो बोलपत्र दाखिला गर्नु अगावै बोलपत्र कागजातमा उल्लेखित विवरण अनुसार परियोजनाको स्थलगत निरीक्षण गरी पेश गर्न सकिनेछ ।

१३. बोलपत्रको e-submission सम्बन्धी अन्य जानकारीहरु Bid Document मा राखिएको छ तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको website बाट समेत हेर्न सकिनेछ ।

१४. सूचनामा उल्लेख भएकोमा सोही वमोजिम र अन्य विषयको हकमा स्थानीय सरकार संचालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३ (संसोधन सहित), सार्वजनिक खरिद नियमावली, २०६४ (संसोधन सहित), प्रचलित ऐन नियम तथा गाउँपालिकाको निर्णयानुसार हुनेछ ।

१५. बोलपत्र शर्तरहित, मूल्यपत्र लगायत सार्वजनिक खरिद अनुगमन कार्यालयको website बाट download गरिएका कागजातमा कुनै थपघट वा द्रष्टब्य नलेखिएको हुनुपर्नेछ ।

१६. बोलपत्रका अन्य कागजातमा (भाषागत समेत) त्रुटी भएमा वा विषय वा प्रसंगले अन्य अर्थ लागेमा कार्यालयले कुनै वेला सच्याउन वाधा पर्नेछैन । कार्यालयको हितलाई ध्यानमा राखी कुनै कारणविना सबै बोलपत्र, पुरै वा आंशिक रूपमा स्वीकृत वा अस्वीकृत गर्न वा सूचना नै रद्ध गर्न सक्ने लगायतका सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१७. थप जानकारीका लागि कार्यालय समयमा यस कार्यालयको नं. ९८५११४८५४७/९८५२६८१९४४/९८५१२१३२१२ मा सम्पर्क गर्न वा कार्यालयको वेवसाईट www.rongmun.gov.np हेर्न सकिनेछ ।

## बोलपत्र मार्फत गरिने खरिद तथा निर्माण कार्यको विवरण

| क्र.सं. | ठेक्का नं. | खरिद एवं निर्माण कार्यको विवरण | लागत अनुमान रकम (भ्याट सहित) रु. | जमानत बापत राख्नुपर्ने रकम रु. |
|---|---|---|---|---|
| १ | RRM/NCB/Goods/2076/077-04 | Supply of Electric Poles and Accesories (Sthaniya Purbadhar Bikas Sajhedari Karyakram) | 58,44,707.40 | 1,65,000.00 |
| २ | RRM/NCB/Goods/2076/077-05 | Supply of Electric Poles and Accesories (Pradesh Nirbachan Chhetra Purbadhar Bikas Karyakram) | 40,91,302.77 | 1,20,000.00 |
| ३ | RRM/NCB/WORKS/2076/077-02 | Rong Road –Tungne Ekrate Badamtaar Dhansar Section. | 1,95,35,933.50 | 5,80,000.00 |

:३३।८५

डिक प्रसाद साईल

प्रमुख प्रशासकीय अधिकृत